म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३३६ | बिहीबार ३० असार २०७९ | ने. सं. ११४२ दिल्लागा | 14 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सूचना ! सूचना !! सूचना !!!**

यस यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.को लागि विभिन्न स्टेशनरी सामानहरु आवश्यक पर्ने भएको हुँदा आ.व २०७९/२०८० को लागि २०७९ श्रावण ७ गते भित्रमा सम्बन्धित स्टेशनरीलाई यसै सूचनामार्फत आफ्नो आशय पत्र पेश गर्न हुनको लागि अनुरोध गदछौं ।

**यातायात व्यवसायी उपभोक्ता सहकारी संस्था लि.**

हेटौंडा-१०, रुद्रपथ

# हेटौंडा अस्पतालको समस्या अध्ययन गर्न समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ हेटौंडा अस्पतालको व्यवस्थापकीय कमजोरीका कारण बिरामीहरुले स्वास्थ्य उपचारमा दुःख पाइरहेको जनगुनासो बढेपछि सर्वपक्षीय चासो बढेको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरमा बुधवार सरोकारवाला निकायहरुको सर्वपक्षीय बैठकले अस्पताल सुधार गर्न कदम अगाडि बढाएको हो । अस्पताल भित्रको समस्या समाधानका लागि भन्दै बुधबार मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेको अध्यक्षतामा सर्वपक्षीय बैठक बसेको हो ।




बैठकले अस्पताल सुधारका निम्ति ६ वटा निर्णय गरेको छ । पछिल्लो समय हेटौंडा अस्पतालबाट हुने सेवा प्रवाह, अस्पतालको व्यवस्थापकीय पक्षलगायतका विषयमा जनगुनासो बढ्दै गएको भन्दै अध्ययन गर्न समिति गठन गरिएको हेटौंडा उपमहानगरपालिका-१ का वडा अध्यक्ष तथा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले जनकारी दिए ।

अस्पतालको गतिविधि सम्बन्धमा सरोकारवालाहरुले उठाएका चासोको विषयमा सत्यतथ्य अध्ययन गरी प्रतिवेदन पेश गर्न स्वास्थ्य निर्देशनालय हेटौंडाका निर्देशक महेश्वर श्रेष्ठको संयोजकत्वमा ८ सदस्यीय समिति गठन गरिएको हो । समितिले १५ दिनभित्र अस्पतालको सेवा प्रवाह, जनशक्तिको व्यवस्था, अस्पतालको व्यवस्थापकीय पक्षका साथै सुधार गर्न चालनुपर्ने आवश्यक कदमसम्बन्धी सुझावसहितको बिस्तृत प्रतिवेदन पेश गर्ने प्रवक्ता न्यौपानेले बताए ।

समिति सदस्यमा स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडाका डा. अर्जुन सापकोटा, प्रदेश लेखा नियन्त्रक कार्यालयका होमनाथ रिजाल, जिल्ला प्रशासन कार्यालय मकवानपुरका अधिकृत गुणराज न्यौपाने, उपमहानगरका प्रवक्ता सविन न्यौपाने, उपभोक्ता हित संरक्षण मञ्च नेपालका सरोज विडारी, सार्वजनिक सेवा सुधार संघर्ष समितिका दीपेन्द्रचन्द ठकुरी र नेपाल पत्रकार महासंघ मकवानपुरको एक जना प्रतिनिधि रहेका छन् ।

अस्पताल सुधारको माग राखेर आन्दोलनरत् सार्वजनिक सेवा सुधार संघर्ष समितिले सम्पूर्ण कार्यक्रमहरु स्थगन गर्ने र अस्पताल परिसरभित्र राखेको टेन्टलगायका सामग्रीहरुसमेत हटाउने सहमति भएको छ । सार्वजनिक सरोकारको कुनै विषयमा असन्तुष्टि वा गुनासो भए सम्बन्धित निकायमा उक्त विषय जानकारी गराई आवश्यक सहयोगसमेत गर्ने सहमति भएको जनाइएको छ ।

अस्पतालमा कार्यरत् चिकित्सक, नर्स तथा अन्य स्वास्थ्यकर्मीहरु निजी स्वास्थ्य संस्थामा कार्य गर्नुपरेमा तोकिएको समय बाहेक अन्य समयमा कार्य गर्ने तर, निजी स्वास्थ्य संस्थाहरुमा कार्य गर्ने स्वास्थ्यकर्मीहरुले सम्बन्धित निकायबाट आगामी १० दिनभित्र अनुमति लिई सक्नुपर्ने नियम बनाइएको उपमहानगरका प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । अस्पताललले अस्पतालबाट प्रवाह हुने सेवाहरु र उक्त सेवा प्रदान गर्नका लागि उपलब्ध स्वास्थ्य जनशक्ति, स्वास्थ्य उपचारमा लाग्ने समय र शुल्कसहितको विवरण अस्पताल परिसरमा सबैले देख्नसक्ने गरी राख्ने निर्णय भएको छ ।

चिकित्सक तथा नर्सहरुको प्रत्येक दिनको डिउटी रोष्टर तयार गरी अस्पतालको सूचना पाटी, फेसबुकपेज र वेबसाईटमासमेत राख्ने व्यवस्था अनिवार्य मिलाउने बैठकले निर्णय गरेको छ । अस्पतालमा कार्यरत् स्वास्थ्यकर्मीहरु कुनै कारणवश जरुरी सरकारी काम वा अन्य कारणले बाहिर जानुपर्ने भएमा लग बुकमा उल्लेख गर्नुपर्ने भएको छ ।

अस्पताल र सार्वजनिक सेवा सुधार संघर्ष समितिबीच भएका १५ बुँदे सहमतिहरु अस्पतालले क्रमशः कार्यान्वयन गर्दै जाने बैठकबाट निर्णय भएको न्यौपानेले जानकारी दिएका छन् ।

अस्पतालमा बिरामीले टिकट काट्न कै लागि घन्टौं लाइन बस्नुपर्ने, चिकित्सकहरुको मनोमानीले बिरामीहरुले अनावश्यक दुःख व्यहोर्नुपर्ने, भिडियो एक्स-रे, औषधि लिन र ल्याबबाट रिपोर्ट लिन घण्टौं कुर्नुपर्ने समस्या भएको भन्दै विगतदेखि नै हेटौंडाका युवाहरु आन्दोलनरत् थिए । उनीहरुले अस्पताल परिसरमा निरन्तर धर्ना दिँदै चिकित्सहरुको निगरानीसँगै कमजोरव्यवस्थापनका बारेमा अस्पताल प्रशासनलगायत सरोकारवाला निकायहरुलाई ध्यानाकर्षण गराइरहेका थिए ।

अस्पतालमा लापरबाही बढेको भन्दै सार्वजनिक सेवा सुधार संघर्ष समिति गठन गरेर युवाहरु निरन्तर आन्दोलनमा होमिएका थिए । यसबीचमा उनीहरुले जिल्लास्थित राजनीतिक दल, प्रदेशको स्वास्थ्य मन्त्रालय, हेटौंडा उपमहानगर पालिका, स्वास्थ्य निर्देशनालयहरुमा अस्पताल सुधारका निम्ति दबाब बढाएका थिए । यसअघि उपमहानगरले बैठक गरी समस्या समाधानको पहल गरेको थियो ।

## प्रदेश मामिला समितिको बैठक आज बस्दै

हेटौंडा, २९ असार/ बागमती प्रदेशसभाको प्रदेश मामिला समितिको ८६ औं बैठक आज विहीबार बस्दैछ । समितिको बैठक आज बिहान साढे ८ बजे प्रदेशको राजधानी हेटौंडामा बस्न लागेको हो । बैठकमा प्रदेश विपद् व्यवस्थापन ऐन र प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐनलाई संशोधन गर्न बनेको विधेयक तथा प्रदेश अनुसन्धान ब्युरो सेवाको गठन, स्थापना, काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि दफावार छलफल हुने समिति सचिव सुन्दर बाँस्कोटाले जानकारी दिए ।

## २८ पुगे हैजाका बिरामी



काठमाडौं, २९ असार (रासस)/ काठमाडौं उपत्यकामा थप एक जनामा हैजा भेटिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले थप एक जनामा हैजाको बिरामी भेटिएको बताए ।

उनका अनुसार भक्तपुर स्थित बालकोटमा एक जनामा हैजा भेटिएको बताए । अहिलेसम्म हैजाका बिरामी २८ पुगेको छ ।

# बक्यौता रकम तिरेपछि साइबाबा खुल्यो, ४ वटा क्रसरले अझै तिरेनन्

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ मकवानपुरगढी गाउँपालिकाले दाखिला गर्नुपर्ने राजस्व रकमको बक्यौता नबुझाएका कारण 'एक्सन' लिएपछि साइबाबा क्रसर उद्योगले राजस्व बुझाएको छ ।



गाउँपालिकाको ५ नम्बर वडास्थित क्रसरले बुधवार बक्यौता राजस्व दाखिला गरेको हो । गाउँपालिकाले शनिबार बक्यौता रकम नतिरेको भन्दै क्रसरमा ताला लगाएको थियो । साइबाबाले राजस्व र जरिवाना गरेर ५३ लाख ४४ हजार एकसय ४२ रुपैयाँ र अमानतमा बिक्री गरिएको ११ लाख १८ हजार सातसय रुपैयाँ गाउँपालिकामा दाखिला गरेको योजना तथा राजस्व शाखाका प्रमुख प्रकाश न्यौपानेले जानकारी दिए ।

राजस्व दाखिला गरेपछि उद्योगले बुधबारबाट सञ्चालन गरी बिक्री सुरु गरेको गाउँपालिका उपाध्यक्ष तथा नदीजन्य पदार्थ उत्खनन् तथा अनुगमन समिति संयोजक मानकुमारी पाखिनले जानकारी दिइन् ।

गाउँपालिकाले साइबाबासँगै पाँच वटा क्रसरमा ताला लगाएको थियो । बाँकी ४ वटा क्रसर उद्योगहरुले पनि राजस्व दाखिला गर्ने तयारी गरेको पाखिनले बताएकी छन् । यसअघि क्रसर उद्योगहरुले गाउँपालिकालाई नै झुक्याएर नदीजन्य पदार्थ उत्खनन् गरेका थिए । मकवानपुरगढीका क्रसरहरुले गत जेठ अन्तिममा गाउँपालिकालाई बक्यौता रकम दाखिला गर्ने विश्वास दिलाएर नदीजन्य पदार्थ उत्खनन् गरेका थिए । गाउँपालिकासँग लिखित सम्झौता गरेका क्रसर उद्योगहरुले सामरी खोलाबाट नदीजन्य पदार्थ थुपारेपछि बक्यौता रकम भने नतिरेका हुन् ।

क्रसर उद्योगले यसअघि १५ असारसम्म बक्यौता रकम तिर्ने सहमति गरेका थिए । क्रसर उद्योगहरुले राजनीतिक पहुँच र शक्तिको आडमा गाउँपालिकालाई झुक्याउन खोजेपछि अन्ततः गाउँपालिकाले क्रसरमा ताला लगाएको हो ।

गाउँपालिकाको अभिलेख अनुसार २०७७ सालदेखि ५ वटा उद्योगहरुले गाउँपालिकालाई राजस्वको बक्यौता रकम नबुझाएको हो । गाउँपालिकालाई साईबाबा क्रसर उद्योगसहित आमभञ्याङ एग्रिगेट प्रालिले २८ लाख, सामरी खोला बालुवा उद्योगले ४५ लाख, आधुनिक नमूना क्रसरले २३ लाख र नमूना बालुवा उद्योगले ३० लाख रुपैयाँ राजस्व बक्यौता रकम बुझाउन बाँकी छ ।

क्रसर उद्योगहरुले बक्यौता नतिरेपछि असार मसान्तमा गाउँपालिकाले सम्पन्न योजनाको भुक्तानी दिन सकेन । भुक्तानी दिन नसक्दा गाउँपालिकालाई करिब ३ करोड रुपैयाँको दायित्व सरेको छ । पालिकाले १० असारमा ल्याएको बजेटभन्दा थप करिब साढे ३ करोड बढाएर मंगलबार गाउँसभाबाट बजेट पारित गरेको थियो ।

आन्तरिक स्रोतमा बजेट नहुँदा गाउँपालिकाले चालू आर्थिक वर्षमा सम्पन्न भइसकेका योजनाको भुक्तानी दिन नसकको राजस्व शाखा प्रमुख न्यौपानेले बताए ।

उपभोक्ता समितिहरुले गाउँपालिकालाई भुक्तानी दिन दबाब दिइरहेका छन् ।

# बागमती सरकारको बजेट खर्च ६१ प्रतिशत मात्र

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार (रासस)/ बागमती प्रदेशको यातायात तथा पूर्वाधार विकास मन्त्रालयअन्तर्गत् रहेको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले भौतिक पूर्वाधारको विकास तथा निमार्णको कार्यमा चालु आर्थिक वर्षमा ६१ प्रतिशतमात्र खर्च गरेको छ । निर्देशनालयले सात अर्ब ४२ करोड ७१ लाख खर्च गरेको छ ।




पूर्वाधार निर्देशनालय तथा मातहतका निकायका लागि चालु आव २०७८/७९ मा १२ अर्ब १२ करोड नौ लाख विनियोजन भएको निर्देशनालयका सूचना अधिकारी हरिप्रसाद ओझाले जानकारी दिए । चालु आवमा प्रदेशको यातायात पूर्वाधार निर्देशनालयले सबैभन्दा बढी ८८.६१ प्रतिशत खर्च गरेकोछ । निर्देशनालयका लागि चालु आवमा ५५ करोड ७९ लाख विनियोजन गरेकामा ४९ करोड ४४ लाख खर्च भएको छ । निर्देशनालयअन्तर्गत् रहेको पूर्वाधार विकास कार्यालय चितवनले ४९.८४ प्रतिशत, पूर्वाधार विकास कार्यालय ललितपुरले ५७.४८, पूर्वाधार विकास कार्यालय काभ्रेपलाञ्चोकले ५३.९६, पूर्वाधार विकास कार्यालय रामेछापले ५४.९९, पूर्वाधार विकास कार्यालय नुवाकोटले ६०.८५, प्रादेशिक सडक डिभिजन कार्यालय धादिङले ५७.१४ र प्रादेशिक सडक डिभिजन कार्यालय सिन्धुलीले ७८.२१ प्रतिशत खर्च गरेको बताइएको छ । यसैबीच यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले हेटौंडा उपमहानगरपालिका-११ र १२ जोड्ने राप्ती खोलामा २७ करोड ४६ लाखको लागतमा पक्की पुल निमार्ण गरेको छ । तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलद्वारा शिलान्यास गरिएको सो पुल २१५ मिटर लामो छ । सो निर्देशनालयका निर्देशक सहदेव भण्डारीले प्रदेश सरकार गठन भएदेखि हालसम्म ७१ पुल निर्माण भइसकेका छन् । हाल ३० पुल निर्माणाधीन अवस्थामा छन् ।

# शिक्षा अभियानलाई सहयोग गर्न जनप्रतिनिधिहरुलाई आग्रह




साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ नेपाल मानव धर्म सेवा समिति हंस शान्ति आश्रम हेटौंडाले आफ्नो शिक्षा अभियानलाई सहयोग गर्न नवनिर्वाचित जनप्रतिनिधिहरुलाई आग्रह गरेको छ ।

बुधबार गुरु पूर्णिमाको अवसरमा आश्रमले एक कार्यक्रम आयोजना गर्दै आफूले सञ्चालन गर्दै आइरहेको शिक्षा अभियानलाई सहयोग गर्न नवनिर्वाचित जनप्रतिनिधिहरुलाई आग्रह गरेको हो । हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरको प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपाने, मनहरी गाउँपालिका १ का वडा अध्यक्ष शिवप्रसाद खनाल, ३ नम्बर वडा अध्यक्ष आनन्दप्रसाद अर्याल, नेपाली कांग्रेस केन्द्रीय महाधिवेशन प्रतिनिधि मीरा स्याङ्तान, कांग्रेस मकवानपुर जिल्ला सदस्य सुनिता राई, मकवानपुर कलाकार संघका सदस्य हेमकुमार तितुङलगायतको आतिथ्यता थियो ।

कार्यक्रममा नवनिर्वाचित जनप्रतिनिधिहरुलाई स्वागत तथा सम्मान पनि गरिएको थियो । कार्यक्रम महात्मा पुनित बाइजीको सभाध्यक्षतामा भएको थियो । गुरुपूर्णिमाको अवसरमा आयोजित कार्यक्रममा गुरुको महिमाका विषय प्रवचनका साथै साँस्कृतिक कार्यक्रम पनि भएको थियो ।

# कविता लेखन तथा वाचन प्रतियोगितामा उत्कृष्ट तीन विद्यार्थी छनौट

साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ भानु जयन्ती विशेष अवसरमा आयोजित स्थलगत कविता लेखन तथा वाचन प्रतियोगितामा उत्कृष्ट तीन विद्यार्थी छनौट भएका छन् ।



बुधबार हेटौंडामा २०९ औं भानु जयन्तीको अवसरमा हेटौंडा उपमहानगरपालिकाको आयोजना तथा नवोदय शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयको समन्वयमा भएको प्रतियोगितामा उत्कृष्ट तीन विद्यार्थी छनौट भएका हुन् ।

सेलिड्यारिटी इन्टरनेशनल बोर्डिङ स्कूलका प्रज्ञान पन्त, सत्यम् जेभियर्स बोर्डिङ स्कूलका स्तुति कर्ण र जीएस निकेतन विद्यालयका समर्पण न्यौपाने उत्कृष्ट घोषित भएका थिए भने प्रतियोगितामा जीएस निकेतन विद्यालयका सारा केसी सान्त्वना भइन् ।

प्रतियोगितामा उत्कृष्ट भएका विद्यार्थीलाई शिल्ड, प्रमाणपत्रसहित नगद प्रदान गरिएकोछ । प्रतियोगितामा नगरमा रहेका साम्दुायिक तथा संस्थागत विद्यालय कक्षा ९ र १० मा अध्ययनरत् २९ जना विद्यार्थीले स्थलगत कविता लेखनमा सहभागिता जनाएका थिए । नवोदय साहित्यक बगैंचा बाल क्लबकी अध्यक्ष दर्शना सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रममा साहित्यकार तथा अधिवक्ता ऋषि के.वीद्वारा रचना गरिएका रगतले लेखिएको इतिहास पहिलो गजल नाटक मञ्चन भएको थियो । उक्त नाटकमा स्वर साहित्यकार पुरुषोत्तम आचार्यको रहेको थियो भने निर्देशन आशाकाजी श्रेष्ठले गरेका थिए । प्रतियोगितामा साहित्यकार पुष्प पराग, छवि अनित्य, ऋषि केवीले निर्णायकको भूमिका निर्वाह गरेका थिए । नवोदय साहित्यिक बगैंचा बाल क्लवका उपाध्यक्ष रोनश उप्रेतीले शिक्षामा हुने परिवर्तन विषयक बहस कार्यक्रम सञ्चालन गरेका थिए । कार्यक्रममा साहित्यकार डीबी बर्तौला, दीपक गौतम, नवोदय विद्यालयका विद्यार्थीले भानु जयन्तीसम्बन्धि कविता तथा गीत प्रस्तुत गरेका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरूः**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मूल्यबृद्धिको नाममा योजना अलपत्र बिडम्बना

निर्माण सामग्रीमा तोकिएको जिल्ला दररेटभन्दा मूल्यबृद्धि भएको बहानामा बागमती प्रदेश सरकारको धेरै ठूला योजनाहरु अलपत्र परेको समाचार बाहिरिएको छ । मूल्यबृद्धिबाट आमनागरिक पीडित भइरहँदा सरकारी योजना पनि अलपत्र भएको खबरले नागरिकलाई झन तनाब थपेको छ । एकातिर मूल्यबृद्धिको मार खेपिरहनुपरेको छ भने अर्कोतिर विकास निर्माणको योजना समयमा सम्पन्न भएर उपभोग गर्न नपाउँदा नागरिकको दैनिक समस्या ज्यूँकात्यूँ छ । निर्माण सामग्रीमा भएको मूल्यबृद्धिकै कारण चालु आर्थिक वर्षमा सम्पन्न हुनुपर्ने प्रदेश सरकारको साना तथा ठूला सयौं योजनाहरु अलपत्र अवस्थामा रहे । चालु आर्थिक वर्षको असार मसान्तसम्म काम सम्पन्न गर्ने भन्दै सम्झौता गरेका निर्माण व्यवसायीहरु यतिबेला मूल्यवृद्धिलाई कारण देखाउँदै काम सम्पन्न गर्न नसक्ने बताइरहेका छन् ।

सरकारले मूल्यबृद्धि समायोजन नगरिदिँदा काम गर्न नसकिएको निर्माण व्यवसायीहरु बताइरहेका छन् । सीमित प्रतिशत मूल्य बृद्धि हुँदा ठेक्का प्रदायक कार्यालयले फरक भएको मूल्यको परिपूर्ति गर्ने चलन यसअघि नभएको होइन । तर, अत्यधिक मूल्यबद्धि भएको कारण देखाएर ठेक्का सम्झौता गरेका व्यवसायीहरु ‘मोबिलाइजेसन’ रकम निकालेर तोकिएको कार्यसूचीअनुसार काम नगरेर गायव हुँदा सयौं योजना अलपत्र परेका छन् । जसबाट कतिपय पुल, बाटो, भवनलगायत संरचना नबन्दा जनताले विकासको अनुभूति गर्न पाइरहेका छैनन् । पूर्वाधार विकास कार्यालय सिन्धुपाल्चोकअन्तर्गत् १० वटा योजना, प्रादेशिक सडक डिभिजन कार्यालय धादिङअन्तर्गत् ८० वटा योजनाहरू प्रभावित भएकोमा ९ वटा बहुवर्षीय योजना बढी प्रभावित, पूर्वाधार विकास कार्यालय चितवनअन्तर्गत् एकसय ४१ योजना, पूर्वाधार विकास कार्यालय र मिेछापबाट भइरहेका ७ वटा बहुवर्षीय योजना र प्रादेशिक सडक डिभिजन कार्यालय सिन्धुलीअन्तर्गत् १४ वटा योजना मूल्यबृद्धिलाई मुख्य कारण देखाएर अलपत्र छ ।

जनताले खोजेको र जननिर्वाचित प्रतिनिधिद्वारा सञ्चालित सरकारमातहत छौं भन्ने अब भुल्नु हुँदैन । अब पनि नीतिगत समस्या, मूल्यबृद्धि, ज्याला महङ्गोलगायत कारण देखाएर विकास निर्माण गर्न सकेनौं भने त्यो गम्भीर भूल हुनेछ । महङ्गी बढ्दा सरकारले गर्नुपर्ने नीतिगत निर्णयबाट पछि हट्नु हुन्नँ । व्यवसायीले भरपर्दो र यथार्थ कारण नदेखाई काम रोकेमा वा ढिलासुस्ती गरेमा कडा कारबाहीको व्यवस्था गर्नुपर्छ । विकास निर्माणमा आउने अन्य स्थानीय समस्याको समाधानमा स्थानीय प्रतिनिधिहरुले समाधान गर्नुपर्छ । तर, यो वा त्यो बाहानामा अब पनि विकासे काम द्रुत गतिमा नगर्ने हो भने भावि पुस्ताले नसराप्लान् भन्न सकिन्नँ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार ३१ गते शुक्रबार १५ जुलाई २०२२ । श्रावण कृष्णपक्ष द्वितीया । दिल्लागा ११४२ । सूर्योदय: ५:१९, सूर्यास्त: ७:०० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मित्रतामा कमी आउनेछ | तुला | : काम गर्ने आत्मबल बढ्नेछ |
| वृष | : शरीरमा स्फुर्ती बढ्नेछ | वृश्चिक | : विवाद बढ्न सक्नेछ |
| मिथुन | : घरायसी मेलमिलाप हुनेछ | धनु | : उत्साह कम हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउनेछ | मकर | : उदर-विकार हुन सक्नेछ |
| सिंह | : मनमा उमङ्ग बढ्नेछ | कुम्भ | : परिवारमा उन्नति हुनेछ |
| कन्या | : रमाइलो छोटो यात्रा हुनेछ | मीन | : अरुको विश्वास जित्न सकिनेछ |

# खस्किएका ओलीलाई जगाउँदै देउवा



प्रतीक प्रधान

नेकपा (एमाले)का वर्तमान अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री तथा तत्कालीन नेकपा (नेकपा)का अध्यक्ष हुँदा लोकतन्त्र एवं जनताका अहितमा हुने धेरै अप्रिय निर्णयहरू लिए । दुई दुईपल्ट संसद् विघटन गरे । संवैधानिक परिषदसम्बन्धी व्यवस्थालाई अलोकतान्त्रिक बनाए, गुठी विधेयकजस्तो अत्यन्त विवादास्पद जनविरोधी विधेयक ल्याए, आफ्नो स्वार्थका लागि अरू राजनीतिक दल फुटाउन सजिलो हुने अध्यादेश ल्याए, अभिव्यक्ति र प्रेस स्वतन्त्रता कमजोर बनाउन अनेक ऐनहरू ल्याए ।

त्यतिमात्र होइन सम्पत्ति शुद्धिकरण, राजस्व अनुसन्धान, राष्ट्रिय अनुसन्धानजस्ता निकायलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत ल्याएर निरंकूश प्रवृत्ति देखाए । अनि उनको कार्यकालमा अर्थमन्त्रीले व्यापारीलाई अनधिकृत रुपमा पोस्न बच्चाले खाने दूधमा भन्सार बढाएर सुकिलामुकिलाले मन पराउने चक्लेटमा भन्सार घटाए, बिजुलीबाट चल्ने सवारी साधनमा अन्त:शुल्क दर बढाए । गनेर नसकिने छन् त्यतिबेलाका कर्तुत ।

धेरैलाई ओलीले देश सक्ने भए भन्ने त्रासले सतायो । कतिपय कम्युनिस्ट विचारको नजिक रहेका आफूलाई स्वतन्त्र ठान्ने समाचार संस्थाहरूसमेत ओली शासनले देशको लोकतन्त्रलाई सिध्याउँछ भन्ने डरले त्राहीमाम भए । उनको एकीकृत कम्युनिस्ट सरकार करिब दुई तिहाइ बहुमतको दम्भमा आफ्ना विरोधीलाई जसरी पनि सिध्याउनु पर्छ भन्ने डिजाइनका साथ हरतवरले देशमा भ्रष्टाचार, कुशासन फैलाउने र कानुनी शासनको खिल्ली उडाउने काममा अघि बढे । कोरोना कालमा भ्याक्सिन, टेस्ट किट किन्ने कुरामा ठूलो रकम हिनामिना गरेर आफन्तका कतिपय कम्पनीलाई पोसे । कमिसनकै चक्करमा कोरोना भ्याक्सिन ल्याउन समेत ढिलो गरे । नियुक्ति र ठेक्कामा मनमानी र ठूलो भ्रष्टाचार भयो ।

धन्न...! ओलीलाई उनका ‘हनुमान’हरूले उकासेर धेरै नै माथि पुऱ्याए । ओलीलाई एक साधारण राजनीतिक नेता हुनै दिएनन् । देवत्वकरण गरेर उनीजस्ता नेता अहिले संसारमा नै नभएको भन्दै टाउकोमा चढाए । फलस्वरुप, ओलीले आफ्नै दलका ‘कोपाइलट’ भनेर घोषणा गरेका अर्का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई समेत लिखित सम्झौताविपरीत ‘धोखा’ दिए । आफ्नो दलको प्रतिपक्षी समूहका नेता माधव नेपालको हुर्मत लिए । आफ्नै दलभित्र आफैँलाई कमजोर नबनाएका भए उनले जे जस्तो व्यवहार देखाए पनि संघीय संसद्को निर्वाचन नआउन्जेल लोकतान्त्रिक शक्ति र सर्वसाधारण जनता दु:ख सहेर बस्न विवश थिए । त्यस्तो बेलामा पनि नेपाली कांग्रेस स्पष्ट ढंगमा ओलीको विरोधमा जान सकेको थिएन । गगन थापा, विश्वप्रकाश शर्माजस्ता दोस्रो तहका नेता विरोधको स्वरमा बोल्दासमेत नेपाली कांग्रेसको आधिकारिक धारणा होइन भनेर दपेटियो ।

केपी शर्मा ओली प्रधानमन्त्री भएको समयमा सम्पादकहरूसँगको भेटमा सबैजसो वरिष्ठ पत्रकारले उनले देशलाई सही बाटोमा नलगेको कुरा सिधै वा घुमाउरो प्रकारले स्पष्ट भनिदिएका थिए । तर, शक्ति र पदको उन्मादमा रहेका ओलीलाई त्यस्ता वचन, बोलीलाई विरोधी समूहको कुण्ठाबाहेक केही ठानेनन् । आफ्ना काम, कारवाही बदल्ने विषयमा उनले एक सेकेन्ड पनि सोचेनन् । माधवकुमार नेपालले एमाले टुक्र्याएर अर्को दल बनाउने साहस राख्छन् भन्ने त उनले ठान्दै ठानेनन् । त्यसैले, शेरबहादुर देउवाले नचिताएको प्रधानमन्त्रीको पद घुमिफिरी उनलाई आइलाग्यो ।

पछिल्ला प्रधानमन्त्रीत्वकालमा भ्रष्ट र अक्षम तरिकाले शासन चलाएर संघीय निर्वाचनमा खुम्चिएर बसेका शेरबहादुर देउवालाई ओलीको दंभ, घमण्ड, हेपाहा प्रवृत्ति आदिले सत्तामा फर्कन मद्दत गऱ्यो । देउवाका कमजोरी ओलीको निरंकुशता सम्मुख साना देखिए । ओलीभन्दा बरु देउवानै ठीक हुन् कि भन्ने सोच जनतामा पनि आयो । दाहाल, नेपाल र उपेन्द्र यादवका लागि अर्को विकल्प थिएन ।

देउवालाई शासनभार बुझाए । तर, यति भएपछि पनि देउवा सुध्रिएनन् । उनी आफैं भने ओलीको सच्चा अनुयायी देखिए । ओलीले जुन जुन गल्ती गरेर देउवा प्रधानमन्त्री बन्ने अवस्था उत्पन्न गरेका थिए ती सबै देउवाले जस्ताको तस्तै दोहोऱ्याउन थाले । हेर्दाहेर्दै ओली शासन र देउवा शासनमा तात्त्विक भिन्नता पाउन छाडियो ।

ओली प्रधानमन्त्री हुँदा दल विभाजनको अध्यादेश ल्याए जुन अत्यन्त विवादित भयो । उनले कुनै पनि राजनीतिक दलको केन्द्रीय समिति वा संसदीय दलको ४० प्रतिशत सदस्यले पार्टी टुक्र्याउन चाहेको खण्डमा सो पाउने व्यवस्था गर्ने अध्यादेश ल्याएका थिए । तर, तीव्र राजनीतिक विरोध र जनस्तरमा देखिएको रोषका कारण फिर्ता लिनुपऱ्यो ।

तर, शेरबहादुर देउवा प्रधानमन्त्री हुनेबित्तिकै केन्द्रीय समितिको २० प्रतिशत वा संसदीय दलको २० प्रतिशतले पार्टी टुक्राउन पाउने अध्यादेश ल्याए र माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) दल जन्माए । त्यसबखत यो कदम नचालेको भए राजनीतिक स्थिरता नआउने मूल्यांकन गरेका ओली विरोधीहरूले अध्यादेशको धेरै विरोध गरेनन् । तर, ओलीको विरोध गर्नेले देउवाको विरोध गर्न नसकेपछि लोकतन्त्र जोगाउने नाममा जस्तोसुकै नाङ्गो नाच नाच्न पाउने अधिकार प्राप्त गरेको देउवा समूहले ठान्यो ।

देउवाले आफ्नो कार्यकालमा नैतिकता र इमानदारीको हुर्मत लिए । उनको शासनमा हरेक नियुक्ति प्राप्त गर्न घुस खुवाउनुपर्ने विषय अत्यन्त ठूलो रूपमा अगाडि आयो । जुन केपी ओलीले आफ्ना नजिकका व्यापारीलाई पोसे भनेर आरोप खेपेका थिए, जसका निकटतम एक मन्त्री ७० करोड घुस माग्दै गरेको अडियो सार्वजनिक भएको थियो तिनै केपी ओलीले समेत देउवाको शासन कालमा भ्रष्टाचार बढेको आरोप लगाउन लजाउनु परेन । उनले सरकार ‘सरले चलाएको हो कि मेडमले चलाएको थाहा नभएको’ भन्दै प्रधानमन्त्री पत्नी आरजु राणा देउवालाई समेत मुछे । त्यतिले नपुगेर ‘भिनाजुभन्दा साला बढी शक्तिशाली देखिएको’ भनेर थप व्यंग्यवाण हाने ।

जुन ओली सरकारलाई बजेटमा केही स्वार्थी समूहका लागि काम गरेको आरोप लागेको थियो त्यो हदसमेत देउवाका अर्थमन्त्रीले पार गरे । पहिले त दुई दिन नटिक्ने निर्णय गर्दै राष्ट्र बैंकका गभर्नरलाई पदबाट बर्खास्त गरे जसलाई सर्वोच्चले अमान्य गरिदियो । मन्त्रिपरिषद्को निर्णयनै अमान्य गरिदिएपछि न त अर्थमन्त्री जनार्दन शर्माले जिम्मेवारी लिए न देउवाले आफ्नो सरकारको गल्ती स्विकार्ने आँट देखाए । नैतिकता भए त बजेट बनाउने क्रममा अर्थमन्त्रीले एक पूर्वसुब्बा र कुनै निजी कम्पनीको चार्टर्ड एकाउन्टेन्टलाई अन्तिम समयमा बजेटमा चलखेल गर्न लगाउँदा समयमै अर्थमन्त्रीलाई हटाउन सक्नुपर्थ्यो । तर, न त जनतालाई देउवाबाट त्यस्तो नैतिक र इमानदार प्रयासको आशा थियो, न माओवादी मन्त्रीबाट ।

अन्तत: त्यसबेलाको सीसीटीभी फुटेजसमेत मेटाएको समाचार आएपछि देखिएको विरोध सामना गर्न नसकेर शर्माले राजीनामा दिए । देउवा सरकारको बजेटमा पनि केही स्वार्थी समूहका लागि भन्सार दररेट चलाएको आरोप आयो । यो आरोप आफैँमा कति सत्य र तथ्यमा आधारित छ भनेर तौलनुभन्दा पनि यसले ओली सरकारले गरेका अनियमित कामलाई बिर्सायो । त्यो काम ओलीका लागि ठूलो गुण लगाएसरह भएको छ ।

विसं २०७४ को निर्वाचनपछि ओली सरकारलाई करिब तीन महिना निकै आशा र उत्साहका साथ हेरिएको थियो । त्यसबेलामा सरकारले गरेका काम कारवाहीमा ठूलो विरोध पनि थिएन । तर, जब ओलीले डा. गोविन्द केसीको चिकित्सा शिक्षा नियमन गर्ने आन्दोलनको डरले माइतीघरमा गरिने विरोध कार्यक्रमलाई भक्तपुरको सल्लाघारीमा पुऱ्याउने निर्णय गऱ्यो अनि जनताको बोल्न र विरोध गर्न पाउने अधिकारका पक्षधरहरूका कान ठाडा भए । त्यसमा सरकारको बदनियत स्पष्ट देखियो ।

त्यसपछि ओली सरकारले प्रेस स्वतन्त्रतालाई अंकुश लगाउन अपराध संहितामा कुनै पनि व्यक्तिले बोलेका कुरा रेकर्ड गर्न नपाउने धारा ल्यायो । यो धाराले प्रेस स्वतन्त्रतालाई खुम्चाउने निश्चित थियो तर अन्त्यमा संविधानको प्रावधानका कारण पत्रकारलाई यो नियम नलाग्ने भयो । त्यसपछि ओली सरकारले विज्ञापनसम्बन्धी विधेयक, आईटी विधेयक र मिडिया काउन्सिल विधेयक ल्यायो । विज्ञापन विधेयक ऐनमा परिणत भैसक्यो भने आईटी विधेयक लागु भएको छैन र मिडिया काउन्सिल विधेयक अझै संसद्मा नै अल्झिएको छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनको नेतृत्व लिएको भनिएको नेपाली कांग्रेस सरकारमा आएपछि पनि प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताका विधेयक र ऐनका सम्बन्धमा न त कुनै परिवर्तन गर्ने कोसिस गऱ्यो न यस विषयमा एउटा वक्तव्य नै दियो । अर्थात्, ओलीले गरेका काम कारवाही सबै ठिकै रहेछन् भन्ने महसुस गरायो । ओली विरोधीको ओलीप्रतिको रोष कम गरिदियो । कतिसम्म भने ओली सरकारले आफ्नो शक्ति केन्द्रीकृत गर्न विभिन्न निकायलाई प्रधानमन्त्री कार्यालयअन्तर्गत ल्याएको अधिनायकवादी निर्णयलाई समेत देउवा सरकारले साभार स्वीकार गरेर कुनैबेला आफैँले ‘निरंकुश हुन खोजको’ भनेर विरोध गरेको बिर्सिएर ओलीको कदमलाई सही साबित गरिदियो ।

माथि भनिएका धेरै विषयमा विवाद हुनसक्ला । कतिपय कदम लोकतान्त्रिक परम्परा विरोधी होइनन् भन्न सकिएला । तर, संवैधानिक परिषद्को विधेयक ल्याएपछि भने प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्ना प्रिय मित्र केपी शर्मा ओलीको हराएको ताज फिर्ता दिलाउन जानी नजानी मद्दत गरेको स्पष्ट भएको छ ।

लोकतन्त्रको सम्बर्धन र शुद्धताका लागि संवैधानिक परिषद्को ठूलो महत्त्व छ । यस परिषद्ले सर्वोच्चका प्रधान न्यायाधीश, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र अन्य आयुक्त, महालेखा परीक्षक, लोकसेवा आयोगका अध्यक्ष तथा अन्य सदस्य, निर्वाचन आयोगका प्रमुख आयुक्त तथा अन्य आयुक्त, र मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्तिका लागि सिफारिस गर्छ । यी संवैधानिक आयोगको संचालन गर्दा कतिपय अवस्थामा सरकारको विरोधमा काम गर्नुपर्ने हुन्छ ।

सर्वसाधारण जनताको हितका लागि यी आयोगले सरकारसँग टक्कर लिनुपर्ने हुन्छ । त्यसैले यस्तो आयोगमा कुनै व्यक्तिलाई नियुक्त गर्दा परिषद्का अध्यक्ष तथा पाँचै सदस्य उपस्थित हुनुपर्ने र सर्वसम्मत निर्णय हुनुपर्ने व्यवस्था छ । तर, त्यसो हुन नसकेको अवस्थामा दोस्रो बैठकमा सम्पूर्ण सदस्यको बहुमतले निर्णय गर्नसक्ने व्यवस्था छ । ओली सरकारले अध्यक्षसहित तीन जनाले संवैधानिक परिषद्को नाममा निर्णय गर्नसक्ने अध्यादेश ल्याएर ५२ जनाको नियक्ती गरेको थियो । जुन नियुक्तिविरुद्ध सभामुख अग्नि सापकोटा सर्वोच्च अदालत गएका थिए र सो विषय अदालतमा वचाराधीन नै छ । अहिले सो अध्यादेश निस्क्रिय भयो भनेर सोही अनुरूपको अध्यादेश ल्याएर देउवा सरकारले पनि स्वेच्छाचारी हुने जुन व्यहोरा देखायो त्यसले ओलीको चरित्रमा लागेको दाग धेरै पखालिएको छ । संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष तथा सदस्यमा प्रधान न्यायाधीश, संघीय संसद्का सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, विपक्षी देशका नेता र उपसभामुख रहन्छन् ।

नेकपा (नेकपा)का अध्यक्ष तथा प्रधानमन्त्री हुँदा केपी शर्मा ओलीले जे जस्ता गल्ती गरे त्यसका लागि उनी सरकारबाट बाहिरिनु परेको एक वर्ष भयो । विस २०७४ सालको निर्वाचनअघि प्रधानमन्त्री भएका छँदा शेरबहादुर देउवाले जति विवादित काम गरे सोबापत उनी करिब चार वर्ष नै सरकारबाट बाहिर थिए ।

अब फेरि ओलीले गरेका गल्ती ढाकछोप हुनेगरी गल्ती दोहोऱ्याउँदै जाने हो भने नेपाली कांग्रेस पुन: सानो प्रतिपक्षी दलको रूपमा खुम्चिनेमा विवाद छैन । फेरि गठबन्धन गरेर वा साम, दाम दण्ड, भेदबाट सरकारमा कांग्रेस आए पनि, एमाले आए पनि लोकतन्त्रको हुर्मत नै लिने हो, कानुनको शासनको खिल्ली नै उडाउने हो भने जनताले स्वतन्त्र उम्मेदवारतिर मन लैजाने र/वा अर्को कुनै प्रकारको अधिनायकवादी शक्तिको उदय नहोला भन्न सकिन्न ।

*-साभार: बाह्रखरी*

# देशलाई श्रम निर्यातमा कहिलेसम्म टेको लाउने ?



सीमा बन

सामान्य अर्थमा विप्रेषण भन्नाले कुनै पनि व्यक्तिले आफ्नो रोजगारी वा व्यापार व्यवसायको सिलसिलामा आर्जन गरेको रकमलाई आफ्नो आफन्त एवं अन्य कुनै लेनदेन गर्नुपर्ने व्यक्तिलाई एक ठाउँबाट अर्को ठाउँ पठाउने प्रक्रियाका रुपमा बुझिन्छ । विप्रेषणलाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिएको हुन्छ । देशको कुनै एक ठाउँबाट अर्को ठाउँमा नगद रकमान्तर गर्नुलाई राष्ट्रिय विप्रेषण भनिन्छ । त्यस्तै कुनै पनि वैदेशिक रोजगारीको क्रममा अन्य मुलुकमा गई आर्जन गरी बचत भएको रकमलाई स्वदेशमा आफ्ना आफन्तलाई पठाउने कार्यलाई अन्तर्राष्ट्रिय विप्रेषण भनिन्छ । अन्तर्राष्ट्रिय विप्रेषणबाट स्वदेशमा रकमान्तर गर्दा देशको राष्ट्रिय आय वृद्धि हुनका साथै पूँजीको मात्रा बढ्छ ।

सन् १९८० को दशकदेखि लागू भएको आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणले वैदेशिक रोजगारीलाई थप सहज बनाएको छ । नेपालमा पनि विगत दुई दशकयता वैदेशिक रोजगारीका लागि जानेको संख्या र वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि हुँदै आएको छ । रोजगारीका अवसर तथा तलबभत्ता एवं सेवा सुविधामा भिन्नता हुने भएकोले श्रमिकहरु कम अवसर तथा सेवा सुविधा हुने मुलुकहरुबाट कामको पर्याप्त अवसर भएका र तलब सुविधा राम्रो भएका मुलुकमा जाने गर्दछन् ।

देशको अर्थतन्त्रलाई क्रियाशील बनाउन आय तथा रोजगारीको महत्वपूर्ण भूमिका रहन्छ । देशभित्र रोजगारीका अवसरहरु पर्याप्त मात्रामा उपलब्ध नहुनाले वैदेशिक रोजगारी नै नेपालका युवाहरुका लागि रोजगारीको प्रमुख श्रोत बनेको छ । नेपालमा विप्रेषण औपचारिक तथा अनौपचारिक दुवै माध्यमबाट भित्रिने गरेको पाइन्छ । अनौपचारिक माध्यमबाट भित्रिने विप्रेषणको अद्यावधिक एवम आधिकारिक तथ्यांक नभए पनि यस्तो माध्यमबाट उल्लेख्य मात्रामा विप्रेषण भित्रिने गरेको अनुमान छ । विश्वमा आर्थिक उदारीकरणपूर्व सीमित नेपालीहरु मात्र वैदेशिक रोजगारीमा जाने गरेकोमा आर्थिक उदारीकरण पश्चात यो प्रवृत्ति बढेको छ । नेपालले हाल संस्थागत रुपमा वैदेशिक रोजगारीका लागि १११ देशहरु खुल्ला गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा ३ लाख ६८ हजार ४ सय ३३ नेपाली श्रमिकहरुले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए ।

आर्थिक वर्ष २०७७/७८ मा १ लाख ६६ हजार ६ सय ९८ नेपाली श्रमिकहरुले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए । आर्थिक वर्ष २०६७/६८ देखि २०७७/७८ सम्म करिब ४४ लाख युवाहरु श्रम स्वीकृति लिएर विदेश गएको देखिन्छ । त्यसैगरी चालु आर्थिक वर्षको जेठ महिनामा मात्र कुल ६२ हजार ३ सय ४९ जना नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् भने गत वर्षको सोही अवधिमा यो संख्या जम्मा ५ हजार ६ सय ७६ जना मात्रै थियो । हाल दैनिक दुई हजारको हाराहारीमा युवा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीको लागि विदेशिने गरेका छन् । वैदेशिक रोजगारीबाट सामान्यतया २ देखि ३ वर्षमा स्वदेश फर्कने भए तापनि फर्किएका श्रमिकको अद्यावधिक अभिलेख उपलब्ध नभएकाले हाल विदेशमा कार्यरत नेपालीहरुको संख्या यकिन गर्न कठिन छ । तथापि, वैदेशिक रोजगारीका उदेश्यले विदेशमा कार्यरत नेपालीहरुको संख्या करिब ५० लाख रहेको अनुमान गरिएको छ ।

नेपालको बाह्य क्षेत्र सन्तुलनको प्रमुख आधारको रुपमा विप्रेषण आप्रवाह रहँदै आएको छ । विगत दस वर्षमा जीडीपीमा विप्रेषणको औसत अनुपात २५ प्रतिशत छ । नेपालको गरिबी न्यूनीकरण लगायत सामाजिक एवं मानव विकास सूचकांकमा भएको उल्लेख्य सुधारमा समेत वैदेशिक रोजगारीमा गएकाहरुको आर्जनको महत्वपूर्ण योगदान छ ।

तथ्यांक अनुसार कुल रोजगारीमा जाने कामदारमध्ये करिब ७५ प्रतिशत खाडी मुलुकतर्फ गएका छन् भने खाडी मुलुकहरुबाट प्राप्त हुने विप्रेषण कुल विप्रेषणको करिब ५० प्रतिशत छ । नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०७१/७२ मा १६ जिल्लाका जम्मा ३२० घर परिवारमा गरेको स्थलगत सर्वेक्षण र सोका आधारमा तयार गरिएको अध्ययन ‘विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति’ अनुसार विप्रेषण रकमको २५.३ प्रतिशत अंश ऋण तिर्नमा, २३.९ प्रतिशत खाद्यान्न तथा लत्ताकपडा लगायतका दैनिक उपभोग्य वस्तुमा, ९.७ प्रतिशत शिक्षा तथा स्वास्थ्यमा, ३.५ प्रतिशत विवाह, व्रतबन्ध लगायतका सामाजिक कार्यमा र ३ प्रतिशत घरायसी सम्पत्तिको खरिदमा प्रयोग गर्ने गरेको देखिएको छ भने विप्रेषण रकमको २८ प्रतिशत बचत र १.१ प्रतिशत मात्र उत्पादन मूलक क्षेत्रमा लगानी भएको देखिएको छ । विप्रेषणका रुपमा भित्रिने रकमको अधिकांश हिस्सा उपभोग्य वस्तुमा खर्च भइरहेको छ । नेपालको अर्थतन्त्र र आम नेपालीको जन-जीविकामा ठूलो महत्व रहेको विप्रेषणलाई आधिकारिक मात्रामा औपचारिक माध्यमबाट भित्र्याउन र उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गर्ने कार्यक्रमहरु विस्तारमा जोड दिने हो भने घट्दै गरेको विप्रेषण आय निकट भविष्यमै बढ्न गई वैदेशिक मुद्रा आर्जनमा समेत टेवा मिल्ने देखिन्छ ।

विप्रेषणले उपभोगवादी प्रवृत्तिमा वृद्धि गर्छ । जसबाट आयातमा वृद्धि हुन जान्छ । यसले राजस्व संकलनमा समेत सकारात्मक असर पार्दछ । नेपालमा लामो समयसम्म सशस्त्र द्वन्द्व तथा राजनीतिक अस्थिरता भएको अवस्थामा पनि गरिबीको मात्रा नबढ्नु र महामारीका समयमा समेत विप्रेषण आयले खेलेको भूमिका महत्वपूर्ण छ । बालश्रममा कमी, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरिने खर्चमा वृद्धि, जीवनस्तरमा भएको सुधार आदिलाई वैदेशिक रोजगारी तथा विप्रेषणको सकारात्मक योगदानको रुपमा लिन सकिन्छ ।

तथापि, वैदेशिक रोजगारीका नकारात्मक पक्षलाई नजरअन्दाज गर्न सकिँदैन । विप्रेषणले एकातिर खर्चयोग्य आम्दानीमा वृद्धि गर्छ । यसले गर्दा विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यहरु विस्तारै विलाशी जीवनतर्फ आकर्षित हुन्छन्, शहर केन्द्रित बसाइ रोजाइमा पर्छ, पूर्ववत् मेहनत गर्ने बानीमा कमी आउनुको साथै काम गर्नुपर्ने बाध्यात्मक स्थिति नहुँदा देशको कुल श्रम आपूर्तिमा ह्रास आउने सम्भावना रहन्छ । परिणामस्वरुप ज्यालामा वृद्धि हुने, देशको उर्वरभूमि बाँझो रहने, आयात र उपभोगमा वृद्धि हुने, स्वदेशी उत्पादनमा ह्रास आउने लगायतका समस्या देखा पर्दछन् भने अर्कोतिर परिवार अलग अलग भएका छन्, बच्चाहरु स्कुलको चौघेरा भित्र सीमित भएका छन, आफन्तजन बिरामी हुँदा अस्पतालमा कुरुवाको अभाव छ ।

*-बाँकी ३ पेजमा....*

# आयातलाई प्रतिस्थापन गरी निर्यात बढाउन आग्रह

काठमाडौँ, २९ असार (रासस)/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडूले वैदेशिक लगानीलाई नेपालमा आकर्षित गर्न राजदूतको भूमिका महत्वपूर्ण भएको बताएको छ ।

नेपाल निर्यात व्यवसायी महासंघले बुधबार आयोजना गरेको 'निर्यात प्रवर्द्धनका लागि राजदूत एवम् व्यवसायीबीचको अन्तरक्रिया' कार्यक्रममा उनले नेपालको निर्यात क्षेत्रलाई विस्तार गरी वैदेशिक लगानीलाई नेपालमा आकर्षित गर्न राजदूतको भूमिका महत्वपूर्ण भएको बताएको हो ।

"मुलुकमा उत्पादित वस्तुको निर्यातलाई बढाएर विदेशी मुद्रा भित्र्याउनु अहिले देशको मुख्य आवश्यकता हो, सोही कार्यमा विभिन्न देशका नवनियुक्त राजदूतहरू लाग्नुहुनेछ भन्ने विश्वास मैले लिएको छु", उनले भने । आयातलाई प्रतिस्थापन गरी निर्यात बढाउन सकेमात्र नेपालको व्यापार घाटा कम हुने उनको भनाइ छ ।

उद्योगमन्त्री बडूले निर्यात प्रवर्द्धनका लागि आवश्यक पर्ने नीतिनियम बनाउन सरकार सधैँ सकारात्मक रहेको उल्लेख गरे । राष्ट्रिय उत्पादन बढाएर निर्यात प्रवर्द्धनमा सरकार सधैँ निजी क्षेत्रसँग सहकार्य गर्ने उनको भनाइ छ । उनले निर्यात क्षेत्रलाई बढावा दिन सरकारले व्यवसायलाई अनुदान तथा प्रोत्साहनको व्यवस्था गरेको बताए । मन्त्री बडूले नेपालमा उत्पादित वस्तुलाई प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना गर्न सरकार सकारात्मक रहेको स्पष्ट पारे ।

परराष्ट्र मन्त्रालयका सचिव भरतराज पौडेलले नेपालमा उत्पादित वस्तुलाई विदेशमा सजिलै निर्यात गर्ने व्यवस्था मिलाउन कूटनीतिक नियोगको महत्वपूर्ण भूमिका रहेको बताए । "निर्यात प्रवर्द्धनका लागि राजदूतसँगको अन्तरक्रियाले सहयोग पुग्ने विश्वास परराष्ट्र मन्त्रालयले लिएको छ", उनले भने ।


उनले विदेशमा रहेका नेपालका ४० कूटनीतिक नियोगसँग परराष्ट्र मन्त्रालयले ६/६ महिनामा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गरे ।

उनले नेपालको निर्यात प्रवर्द्धनका लागि अर्थ, परराष्ट्र, उद्योग, कृषि, वन मन्त्रालयका प्रतिनिधि र व्यवसायी सम्मिलित स्थायी संयन्त्र बनाउनुपर्ने, स्वदेशी कच्चा पदार्थको सम्भाव्यता अध्ययन गरी कच्चा पदार्थ उत्पादनमा जोड दिनुपर्ने, निर्यात व्यवसाय सञ्चालनका लागि पूर्वाधारमा नि:शुल्क वा ५० प्रतिशत लगानी गरी सरकारी तथा निजी साझेदारीमा निर्यात प्रवर्द्धनका लागि संयुक्त रणनीति बढाउन सरकारलाई आग्रह गरे ।

अध्यक्ष गुरुङले नेपाली निर्यातकर्तालाई परेको समस्या समाधानका लागि राजदूतको भूमिका ठूलो रहेको बताउँदै नेपाली वस्तुको निर्यातमा सघाउ पुग्ने खालको व्यवसायी सम्झौताका लागि सहयोग गर्न राजदूतसमक्ष आग्रह गरे । उनले निर्यातजन्य वस्तुको अनुसन्धान तथा विकासका साथै निर्यातको उच्च सम्भाव्यता अध्ययन रहेका वस्तुको प्रवर्द्धनका लागि सरकारले महत्वपूर्ण भूमिका खेल्नुपर्ने बताए ।

महासंघका अनुसार आर्थिक वर्ष २०७७/७८ मा १३ खर्ब आठ अर्बको वस्तु आयत गर्दा निर्यात भने एक खर्ब ४१ अर्बमा सीमित भएको छ । सोही अवसरमा उपस्थित राजदूतले भने नेपालको निर्यात व्यवसायलाई प्रवर्द्धन गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

# बौद्ध धर्मावलम्बीको वर्षावास सुरु



रुपन्देही, २९ असार (रासस)/ बौद्ध धर्मावलम्बीको पर्व वर्षावास बुधबारदेखि सुरु भएको छ । प्रत्येक असार महिनाको पूर्णिमादेखि असोज पूर्णिमा तीन महिनासम्म थेरवाद भिक्षुहरू वर्षावास बस्ने परम्पराअनुसार लुम्बिनीको राजकीय बुद्ध विहारमा यसको शुभारम्भ गरिएको छ ।

तीनमहिने वर्षावास तथा धार्मिक अनुष्ठान कार्यक्रमको शुभारम्भ गर्दै लुम्बिनी प्रदेशका प्रमुख अमिक शेरचनले बुद्ध धर्म र दर्शनको प्रचारका लागि वर्षावास उपयुक्त समय भएको बताए । बौद्ध भिक्षु तथा उपासक उपासिका एकै ठाउँमा भेला हुने र धार्मिक कार्यक्रम गरेर बुद्धको शिक्षा फैलाउन यो समयको सदुपयोग गर्नुपर्ने उनको भनाइ छ ।

विश्वशान्ति, मेलमिलाप र भाइचाराका लागि बुद्धको सन्देश महत्वपूर्ण रहेको जनाउँदै उनले आफ्नो सुख सयल त्यागेर विश्वका लागि शान्ति खोज्न हिँड्नु महान् काम भएको धारणा राने । "आज विभिन्न देशमा आणविक हतियारबाट एकले अर्कोलाई निस्तेज गर्ने परिपाटी छ, यस्तो अवस्थामा बुद्धको शान्तिको सन्देशको महत्व धेरै छ, यसलाई सबैले आत्मसात् गर्नुपर्छ", प्रमुख शेरचनले भने ।

सारा जनता एक भएर बुद्धको शिक्षालाई व्यवहारमा उतार्न सके देशमात्र नभई विश्वमा नै सकारात्मक प्रभाव पर्ने उनको भनाइ छ । "हामीले बुद्धलाई बुझ्न भिक्षु बन्नैपर्छ भन्ने होइन, तर एकले अर्कोलाई सहयोग गरौँ, अर्काको राम्रो सोचौँ यो नै बुद्धको शिक्षाको हो", प्रमुख शेरचनले भने ।

लुम्बिनीको राजकीय बुद्ध विहार लुम्बिनी विकास कोषको गुरुयोजना बाहिर रहेको सुन्दा आफूलाई अचम्म लागेको जनाउँदै प्रमुख शेरचनले यसलाई सच्याएर अघि बढ्नुपर्ने र यसका लागि प्रदेश सरकारसँग छलफल गर्ने वचन दिए । "लुम्बिनी क्षेत्रकै पुरानो विहार गुरुयोजना नपर्नु दु:खद कुरा हो, यसबारे प्रदेशका मुख्यमन्त्री र प्रधानमन्त्रीसँग कुरा गरेर भए पनि सच्याउन पहल गर्छु", उनले भने ।

पर्यटन, ग्रामीण तथा सहरी विकासमन्त्री डिल्लीबहादुर चौधरीले अहिले संसारले शान्ति चाहेकाले बुद्धको दर्शन अझै अपरिहार्य भएको बताए । "द्वन्द्वबाट सबै देश टाढा रहन चाहन्छन्, त्यसैले बुद्धको शिक्षा र सन्देश आज पनि सान्दर्भिक छ", मन्त्री चौधरीले भने । बुद्ध जन्मभूमिमा बस्न पाउनु र यही क्षेत्रको विकासका लागि पर्यटन मन्त्रालयको जिम्मेवारी पाउनु आफ्ना लागि गर्वको विषय भएको बताउँदै उनले यो क्षेत्रको विकासका लागि प्रतिबद्ध भएर लाग्ने बताए ।

लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले मानिसले भित्रबाट इच्छा गरेको कुरा शान्ति भएकाले बुद्धको शिक्षालाई आत्मसात् नगर्दासम्म यसको प्राप्ति नहुने बताए । उनले कोरोनाका कारण पछिल्लो समय धार्मिक गतिविधि सुस्ताएकाले अब सबै विहारले यस्ता धार्मिक क्रियाकलाप बढाउनुपर्ने बताए ।

कार्यक्रममा लुम्बिनी बौद्ध विश्वविद्यालयका डिन सञ्जीव हुमागाईंले लुम्बिनीमा हुने कायक्रममा स्थानीयको सहभागिता बढाउन आवश्यक रहेको बताए । लुम्बिनी सांस्कृतिक नगरपालिकाका उपप्रमुख कल्पना हरिजनले २०१३ सालमा स्थापित राजकीय बुद्ध विहारको स्थानीयले नै संरक्षण गर्दै आएको बताउँदै अब नगरपालिकाले पनि सहयोग गर्ने प्रतिवद्धता जनाए ।

वर्षावास शुभारम्भ भएसँगै बुद्ध जन्मस्थल लुम्बिनीमा पनि विभिन्न विहारमा भिक्षुहरू वर्षावास बसेको छ । वर्षाका कारण चार ैतिर पानी पर्ने, जमिन भित्रका जीव तथा किराहरू बाहिर निस्कने हुँदा बाहिर हिँड्डुल गर्न र भिक्षाटन गर्न समस्या हुने भएकाले भिक्षु तथा गुरुआमा वर्षावास बस्ने गर्नुहुन्छ ।

वर्षावास भनेको भिक्षुहरू तीन महिना एकै विहारमा बसेर अध्ययन एवम् चिन्तन मनन गर्नु हो । वर्षाको समयमा मानिसहरू खेतीपातीमा लाग्नुपर्ने र भिक्षुहरू यताउता आवतजावत गर्न गाह्रो हुने तथा हिँड्डुल गर्दा किरा फट्याङ्ग्रा कुल्चने डर हुने भएकाले भगवान बुद्धले वर्षावासको व्यवस्था गरिएको भिक्ष सागर धम्मको भनाइ छ ।

भिक्षु धम्मका अनुसार भिक्षु जीवनमा वर्षावासको निकै महत्व छ । भगवान् बुद्धले प्रतिपादन गरिएको २२७ नियममध्ये वर्षावास पनि एक हो । बौद्ध परिब्राजक भिक्षुहरू कतै नगई एकै स्थान वा विहारमा अधिष्ठान गरी बस्ने परम्परालाई वर्षावास भनिन्छ । यो परम्परा बुद्धकालीन समयदेखि नै चलिआएको छ ।

सिद्धार्थ गौतमले आषाढ पूर्णिमाको रातमा कपिलवस्तुका राजा शुद्धोधनकी रानी मायादेवीको गर्भमा प्रवेश गरेको थियो । उनले २९ वर्षपछि आजकै दिनमा महाभिनिष्क्रमण (घरबार त्याग) गरेको बौद्ध शास्त्रमा उल्लेख छ । अनेक त्याग, तपस्या र ध्यान विधिबाट बुद्धत्व प्राप्त गरेपछि बुद्धले पहिलो पटक पाँचजना ब्राह्मणलाई शिक्षा दिएको थियो । तयसलाई धर्मचक्र प्रवर्तन भनिन्छ अर्थात् आषाढ पूर्णिमाकै दिनदेखि बुद्ध धर्मको प्रचारप्रसार अभियान प्रारम्भ भएको मानिन्छ ।

वर्षावासको समयमा विहारमा दैनिक धार्मिक गतिविधि सञ्चालन हुने भएकाले उपासक उपासिका नियमित रूपमा विहार गई पञ्चशील ग्रहण गर्ने, साप्ताहिक उपोसध धर्मपालना गर्ने, ध्यान बस्ने, नियमित दान प्रदान गर्ने कार्यक्रम न्यानवती गुरुमाले बताए ।

वर्षावास बस्नुअघि भिक्षुहरूको सिमानाभित्र रहेको उपोसधगारमा भिक्षुसैमा भेला हुनु जरुरी छ । यसपछि भिक्षुसैको सैनायक अगाडि आफूले जानी नजानी गरेका भूल वा दोषहरू स्वीकार गरी क्षमादान गर्न आह्वान गरिन्छ । यस सैकर्मलाई उपोसध कर्म भनिन्छ । यस उपोसधपछि आ-आफ्ना विहार वा आफूले इच्छा गरेका विहारमा भिक्षुहरू वर्षावासका लागि प्रस्थान गर्ने गर्छन् ।

वर्षावास बसेको अवसरमा एउटा छुट्टै पवारण भनी कार्यक्रमको व्यवस्था गरिएको हुन्छ । यस अवसरमा आफूले भोगेका पीर मर्का कठिनाइ र आफूले गरेका भूल भिक्षुसै अगाडि आफूभन्दा ज्येष्ठ भिक्षु सामुन्ने संयमित भई क्षमायाचना गरी पवारण विनय पालन गरिन्छ ।

आफूले गरेको भूलप्रति स्वीकार्न अनुरोध गरेकाले यस अवसरमा आत्मदेशना र पवारण विनय पालन गरिएकाले भिक्षुसैले क्षमा स्वीकार गर्ने बताइन्छ ।

भिक्षुहरूको तीनमहिने वर्षावास अधिष्ठान सकिएको अवसरमा स्थानीय विहारका उपासक उपासिकाले खुसीले कठिन उत्सव मान्ने परम्परा छ ।

उपासक उपासिकाबाट वर्षावास बसेका भिक्षुलाई कठिन चीवर दान गर्ने परम्परा रहेको बौद्ध महिला समितिका सहसचिव टीका कटेल बताउछन् । उक्त दिनमा पूजापाठ, दान गरी भोजनको व्यवस्था गराइन्छ । यसरी प्रत्येक वर्ष गरिने वर्षावास तथा कठिन उत्सव मनाउने गरिन्छ । यो कठिन उत्सव वर्षमा एउटा विहारमा एकपटक मात्र मनाइन्छ ।

कठिन दानको अवसरमा पूजा पाठ गरी दान शील भावना राखी प्रवचन सुन्ने र भिक्षुगण, अनागरिक र अन्य श्रद्धालु भक्तजनलाई समेत निमन्त्रणा गरी भोजन दान गर्ने प्रचलन रहेको बौद्ध महिला समितिका अध्यक्ष यमुनादेवी पौडेलले बताए ।

# उपसभामुख पदको निर्वाचनको कार्यतालिका सार्वजनिक



काठमाडौँ, २९ असार (रासस)/ प्रतिनिधिसभाको उपसभामुख पदको निर्वाचन यही असार ३१ गते शुक्रबार अपराह्न ३ बजेका लागि तोकिएको छ । प्रतिनिधिसभाको आजको बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले सो जानकारी दिँदै प्रतिनिधिसभा नियमावली २०७५ बमोजिम प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीलाई तत्काल उपसभामुखको निर्वाचन कार्यातालिका प्रकाशित गर्न निर्देशन दिएको थियो ।

यही असार ३० गते बिहीबार बिहान ११ देखि १ बजेसम्म प्रतिनिधिसभाको कुनै सदस्यलाई उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावको सूचना दर्ता गर्ने कार्यक्रम रहेको संघीय संसद् सचिवालयले जनाएको छ ।

प्रतिनिधिसभाका सचिवसमक्ष सो प्रस्तावको सूचना दर्ता गर्नुपर्ने छ । सोही दिन अपराह्न १:३० बजे संघीय संसद् भवनको सूचना पार्टीमा निर्धारित समयभित्र दर्ता भएको उम्मेदवारीको सूचनाको दर्ता क्रम अनुसारको सूची प्रकाशन गरिने छ । असार ३१ गते शुक्रबार अपराह्न ३ बजे बस्ने प्रतिनिधिसभाको बैठकमा उपसभामुख पदमा निर्वाचित गरियोस् भनी प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्ने, उम्मेदवारीको सूचनामाथि सामूहिक छलफल हुने र दर्ता क्रमअनुसार निर्णायर्थ प्रस्तुत गर्ने कार्यक्रम छ ।

त्यसैगरी बुधबारको वैठकमा 'तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९' विधेयक राष्ट्रियसभाबाट संशोधन विना पारित भएको जानकारी गराइएकोछ । बैठकमा प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले प्रतिनिधिसभामा उत्पत्ति भएको सो विधेयक मंगलबार राष्ट्रियसभाबाट पारित भएको व्यहोराको पत्र पढेर सुनाए ।

पत्रमा यही असार २२ गते कानुन, न्याय तथा मानवअधिकार समितिको प्रतिवेदनसहित पारित भएको सन्देशसहित राष्ट्रियसभामा प्राप्त 'तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९' राष्ट्रियसभाको मंगलबार बसेको बैठकले संशोधन विना पारित गरेकाले राष्ट्रियसभाको नियमावली २०७५ को नियम १२४ को उपनियम ५ बमोजिम सन्देशसहित उक्त विधेयक प्रतिनिधिसभाका फिर्ता पठाइएको व्यहोरा उल्लेख छ ।

# एक दिवसीय वरियतामा नेपाल यथावत् रहन सफल



काठमाडौँ, २९ असार (रासस)/ अन्तराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले आज सार्वजनिक गरेको एकदिवसीय नयाँ वरियतामा नेपाल यथावत् रहेको छ ।

आइसिसीले सार्वजनिक गरेको नयाँ वरियतामा नेपाल १९औँ स्थानमा यथावत् रहेको हो । अघिल्लो वरियतामा पनि नेपाल १९औँ स्थानमा रहेको थियो । एकदिवसीय वरियतामा न्युजिल्यान्ड शीर्ष स्थानमा रहेको छ भने इङ्ल्यान्ड दोस्रो तथा भारत तेस्रो स्थानमा छ ।

त्यसैगरी पाकिस्तान चौथो स्थानमा छ भने अष्ट्रेलिया पाँचौँ स्थानमा रहेको छ । दक्षिण अफ्रिका छैठौँ, बङ्गलादेश सातौँ, श्रीलङ्का आठौँ, वेष्ट इन्डिज नवौँ र अफगानिस्थान दसौँ स्थानमा छन् ।

# औलोका बिरामी बढे



चितवन, २९ असार (रासस)/ जिल्लामा चालु आर्थिक वर्षमा औलोका बिरामी बढेका छन् । गत आर्थिक वर्षमा एक जनामा औलो रोग देखिएकामा यस वर्ष १० जनामा देखिएको स्वास्थ्य कार्यालयले जनाएको छ ।

जिल्लाका अस्पतालहरूमा उपचारका क्रममा आएका बिरामीमध्ये ११ जनामा औलो रोग देखिएको थियो । तीमध्ये एकजना गैँडाकोट नगरपालिकाका रहेका छन् ।

स्वास्थ्य कार्यालयका औलो रोग सम्पर्क व्यक्ति उर्मिला आचार्यका अनुसार भाइभाक्स, फाल्सिपारम, मलेरी, ओवाले, नोलेसीमध्ये कुनै एक परजीवी संक्रमित एनोफिलिज जातको पोथी लामखुट्टेले टोक्दा औलो रोग सर्ने गर्दछ । ती परजीवीमध्ये फाल्सिपारम सबैभन्दा डरलाग्दो हुने उनले जानकारी दिए ।

विश्वमा चार सय जातका एनोफिलिज जातका लामखुट्टे पाइने भए पनि ६० जातमा मात्रै औलोको परजीवी प्रमाणित भएको कार्यालयले जनाएको छ । गत आर्थिक वर्षमा कोरोनाका कारण लकडाउन हुँदा मानिस घरबाट बाहिर ननिस्कनु, पानी कम परेकाले बिरामीको संख्या कम भएको उनले बताए ।

यस वर्ष नियमित जसो पानी पर्नु र मानिसको चहलपहल बढ्नुले औलोको संक्रमण बढेको उनले जानकारी दिए ।

औलो हुँदा लगातार वा दिन बिराएर ज्वरो आउनु, चेतनामा परिवर्तन आउनु अथवा बेहोस हुनु, कम्जोर हुनु वा उठबस गर्न नसक्नु, खान नसक्नु, धेरै कम्पन हुनु, गहिरो स्वास लिनु लगायतका लक्षण देखापर्ने गर्दछ ।

यस रोगबाट बच्न पानीका खाल्डाखुल्डी पुर्नु पर्ने, झूलको प्रयोग नियमित गर्नुपर्ने, शंकास्पद देखिए तत्काल चिकित्सकको परामर्शमा जानु औलोबाट बच्ने मुख्य उपाय रहेको कार्यालयले जनाएको छ ।

नेपाललाई सन् २०२६ सम्म औलो मुक्त बनाउने घोषणा गरिएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# 'न्यायिक निकायबीच समन्वय हुनुपर्छ'

चितवन, २९ असार (रासस)/ महान्यायधिवक्ता खम्मबहादुर खातीले न्यायिक क्षेत्रबीच समन्वय जरुरी रहेको बताएको छ । जिल्ला सरकारी वकिल कार्यालयको नवर्निमित भवनको बुधबार समुद्घाटन समारोहमा उनले न्यायिक कार्यालयबीच एक अर्कामा समन्वय र सहयोग हुन जरुरी रहेको बताएको हो ।

सरकारी वकिल कार्यालय, प्रहरी र अदालतबीच समन्वय हुन नसके न्याय निरुपणमा समस्या आउने उनको भनाइ थियो । अहिले न्यायालयप्रति जनताको आस्था कम्जोर बन्दै गएकाले यसलाई जोगाउन लाग्नुपर्ने उनले बताए । पीडितले न्याय माग्न आए इन्कार गर्न नहुने उनले बताए । अनुसन्धान फितलो हुँदा अभियोजनमा असर पर्ने भन्दै खातीले यसले न्यायमा समेत असर पर्ने बताए । जनशक्तिको अभावका कारण छिटोछरितो न्याय दिन नसकिएको उनको भनाइ छ । उनले अहिलेको समयमा एक न्यायधीश बराबर दुई जना सरकारी वकिल आवश्यक रहेको बताए ।

सो अवसरमा नायब महान्यायधिवक्ता कृष्णजीवी घिमिरेले भौतिक पूर्वाधारसँगै जनशक्ति व्यवस्थापनका लागि गृहकार्य सुरु गरिएको बताए । उनले भने, "अहिले जनशक्ति अभाव छ, यसलाई चाँडै नै पूरा गर्ने तयारीमा लागेका छौँ ।"

जिल्ला न्यायाधीश हेमन्त रावलले अहिले न्याय निरुपणका क्रममा प्रतिकूल वकपत्र समस्याको रूपमा रहेको बताए । पीडित असुरक्षित हुँदा प्रतिकूल वकपत्र आउने गरेको उनले बताए । पीडित र आवश्यक प्रमाणको संरक्षण गरी न्याय क्षेत्रमा लाग्नुपर्ने उनको भनाइ थियो । कार्यक्रममा महान्यायधिवक्ताको कार्यालयका सह-न्यायाधिवक्ता सञ्जीवराज रेग्मी, उच्च अदालत हेटौँडाका सहन्यायधिवक्ता सन्देश श्रेष्ठ, सरकारी वकिल कार्यालय चितवनका न्यायधिवक्ता महेश खत्री, चितवन जिल्ला अदालत बार एशोसियसनका अध्यक्ष रामकृष्ण अधिकारी लगायतले बोलेको थियो ।

विसं २०७६ माघ १४ गते शिलान्यास गरिएको सो कार्यालय भवनको बुधबार उद्घाटन गरिएको हो ।

भरतपुर महानगर पालिका-१० मा १० कठ्ठा जग्गामा तीन तले भवन निर्माण गरिएको हो । चार करोड ९८ लाख ७१ हजार १४१ रकम बोलपत्र कबुल गरी हनुमान कन्ट्रक्सनसँग सम्झौता भई निर्माण सम्पन्न गरिएको हो ।

# सुनचाँदीको मूल्यमा गिरावट

काठमाडौँ, २९ असार (रासस)/ सुनचाँदी बजारमा बुधबार छापावाल सुनको मूल्य प्रतितोला २०० ले ओरालो लागेर ९४ हजार ३०० तोकिएको छ ।

पहेंलो धातु अघिल्लो दिन प्रतितोला ९४ हजार ५०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघले सार्वजनिक गरेको विवरणानुसार बुधबार तेजाबी सुनको मूल्य प्रतितोला ९३ हजार ८०० छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला ९४ हजार थियो ।

त्यस्तै बुधबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला पाँचले घटेर एक हजार १७० तोकिएको महासंघले जनाएको छ ।

# गभर्नरबारे छानबिन गर्न माग

काठमाडौँ, २९ असार (रासस)/ प्रतिनिधिसभाको बुधबारको बैठकमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी नेकपा (एमाले) को अर्थ तथा योजना विभागको सदस्य रहेको विषय सार्वजनिक भएको भन्दै छानबिनको माग गरिएको छ ।

बैठकमा नेकपा (माओवादी केन्द्र) का सांसद रेखा शर्माले यस सन्दर्भमा प्रचलित कानुन र बैंकको ऐन, नियमावली विपरीत कुनै पनि दलमा आवद्ध भएको व्यक्ति गभर्नरमा नियुक्त हुन नहुने व्यवस्थाको उल्लङ्घन भएको टिप्पणी गरे । उनले सोबारे छानबिन गरेर नियुक्ति गर्ने र नियुक्त पाउने दुबै पक्षलाई कारबाही गर्न माग



गरे । एमालेको पछिल्लो अन्तरपार्टी निर्देशनमा एम अधिकारी (खोटाङ) लाई उक्त विभागको सदस्य राखिएको उल्लेख छ ।

# देशलाई श्रम निर्यातमा ...

सन्तानको अभावमा कष्ट मान्दै जीवन सकिएपछि कैयौं आमाबुबा सन्तानको पर्खाइमा शवगृहमा निदाएका छन् । गाउँ खाली हुन थालेका छन्, मर्दाका मलामी र पर्दाका इष्टमित्रको अभाव छ । त्यतिमात्रै नभई हरेक दिन बन्द बाकसमा शव आइरहेका छन् । वास्तवमा विप्रेषण प्राप्त गर्ने परिवारका सदस्यले पारिवारिक र सामाजिक मूल्य गुमाएका छन् ।

अल्पकालमा विप्रेषण कम हुँदा आर्थिक क्रियाकलाप संकुचित हुन्छन् । तथापि, दीर्घकालका लागि यो भरपर्दो साथी होइन । यसको विकल्प खोज्नै पर्छ । नेपालमा विप्रेषणलाई नीतिगत, कानुनी तथा व्यावहारिक रुपमा व्यवस्थित गर्न विविध प्रयास गर्दागर्दै पनि विप्रेषणको अनौपचारिक कारोबार र अनुत्पादक प्रयोगलाई न्यूनीकरण गर्न कठिनाइ भइरहेको देखिन्छ ।

वैदेशिक रोजगारीको क्रममा हासिल गरेको सीप, ज्ञान र उधमशीलता स्वदेशमा उपयोग गरी स्वरोजगार र रोजगारका अवसर विस्तार गर्न अनुकूल वातावरण सिर्जना गर्ने, वैदेशिक रोजगारीमा जाने कामदार तथा तिनको परिवारलाई वित्तीय साक्षरता प्रदान गरी विप्रेषण आयको उपयोग प्रभावकारी बनाउने, विप्रेषणलाई आधिकारिक माध्यमबाट पठाउन उत्प्रेरित हुने गरी विशेष प्याकेज कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ । विप्रेषकका परिवारले समेत वैदेशिक रोजगारीका लागि आफ्नो परिवारको सदस्यको त्याग र समपर्णलाई आत्मसात गर्दै विप्रेषण आयलाई पुन: आयमुलक क्षेत्रमा लगानी गरी परिवारको भविष्य सुनिश्चित गर्नेतर्फ स्वयं उत्प्रेरित हुनु जरुरी छ ।

वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले वास्तविक अर्थमा विदेशी विनिमयको अधिमूल्यन र स्वदेशी मुद्राको अवमूल्यन भई निकासीको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास गराउँछ । यो एक नीतिगत चुनौती पनि हो । यी नकारात्मक प्रभावबाट बच्न देशमा लगानीको वातावरण र रोजगारीको अवसर सिर्जना गर्न जरुरी छ ।

श्रम निर्यात गरेर मात्रै देशमा समृद्धि प्राप्त हुन सक्दैन । कहिलेसम्म श्रम निर्यातमा देशलाई टेको लाउने ? विप्रेषणको निर्भरतालाई खुकुलो पार्दै अर्थतन्त्रको रुपान्तरण गर्नेतर्फ बेलैमा सोच्नुपर्ने देखिन्छ । दिगो र गतिशील अर्थतन्त्रका लागि आन्तरिक उत्पादन, निर्यात प्रवर्द्धन, उधोगधन्दा तथा पर्यटन प्रवर्द्धनजस्ता उपाय अपनाएर तिनलाई अर्थतन्त्रको मुख्य खम्बा बनाउन नीति निर्माताहरु केन्द्रित हुन जरुरी छ ।

*-साभार: नेपालखबर*

# प्रदेश प्रमुख शर्मासमक्ष लेखापरीक्षण प्रतिवेदन पेश



साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ महालेखा परीक्षकको कार्यालयले बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्मासमक्ष बागमती प्रदेशको गत आर्थिक वर्ष २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन पेश गरेको छ ।

नेपालको संविधानको धारा २९४ को उपधारा ९३० बमोजिम प्रदेश प्रमुखसमक्ष महालेखा परीक्षकको कार्यालयका नायव महालेखा परीक्षक त्रिलोचन आचार्यले चौथो प्रादेशिक लेखा परीक्षण प्रतिवेदन पेश गरेका हुन् ।

प्रतिवेदन बुझाउने कार्यक्रममा नायव महालेखा परीक्षक आचार्यले बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७७/०७८ मा गरेको आर्थिक कारोबारको लेखा परीक्षण गरी तयार पारिएको प्रतिवेदनबारे चर्चा गरेका थिए ।

प्रदेश प्रमुख शर्माले नेपालको संविधानबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा महालेखा परीक्षकबाट आर्थिक वर्ष २०७७/०७८ को बागमती प्रदेशभित्रका सार्वजनिक निकायको लेखाको परीक्षण गरी तयार गरिएको प्रतिवेदनले सुशासनलाई अंगीकार गर्न सघाउ पुर्‍याउने विश्वास व्यक्त गरेका छन् । महालेखा परीक्षकको कार्यालयको सक्रियताले सार्वजनिक हितमा प्रभावकारी प्रतिफल दिने गरी आर्थिक क्रियाकलाप संचालन गर्न प्रदेशका सम्बद्ध सार्वजनिक निकायलाई मार्गदर्शन गर्न र बेरुजु घटाउन सहयोग पुग्ने अपेक्षा व्यक्त गरे ।

कार्यक्रममा प्रदेश प्रमुखका प्रमुख स्वकीय सचिव पारसमणि फुयाँल, महालेखा परीक्षकको कार्यालयका निर्देशक थवराज अधिकारी, लेखा परीक्षण अधिकारी दीपक आचार्य, प्रदेश प्रमुख कार्यालयका उपसचिव कृष्णप्रसाद आचार्य, शाखा अधिकृत इन्दिरा पौडेल, कानून अधिकृत प्रकाश चापागाईलगायतको उपस्थिति थियो ।

# २५ जनाले दिए रगत



साझाकुरा संवाददाता

हेटौंडा, २९ असार/ राउण्ड टेबल नेपालअन्तर्गत्को हेटौंडा राउण्ड टेबल-३० को आयोजनामा भएको रक्तदान कार्यक्रममा २५ जनाले रगत दिएका छन् ।

बुद्धचोकमा बुधवार बिहान भएको रक्तदान कार्यक्रममा राण्उण्ड टेबलका सदस्य तथा सर्वसाधारण गरेर २५ जनाले रगत दिएका हुन् । नेपाल रेडक्रस सोसाइटीको ब्लड बैंक हेटौंडाले रगत अभाव भएको जानकारी गराएपछि राउण्ड टेबल-३० ले रक्तदान कार्यक्रम आयोजना गरेको कार्यक्रम संयोजक राहुल जालानले जानकारी दिए । उनका अनुसार राउण्ड टेबलले सामाजिक क्षेत्रको शिक्षा र स्वास्थ्य क्षेत्रमा थुप्रै काम गर्दै आइरहेको छ । राउण्ड टेबलका अध्यक्ष आशिष अग्रवालको सभाध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रवि अग्रवाल, कोषध्यक्ष दीपक अग्रवाल, विकास जालान, अंकित जालान, अक्षत अग्रवाल, अशोक सिंह, अञ्जनी अग्रवाललगायतको उपस्थिति थियो ।

# प्रदेशसभाबाट पाँच अध्यादेश पारित

साझाकुरा संवाददाता



हेटौंडा, २९ असार/ विगतमा संसद् छलेर बागमती प्रदेशको गठबन्धन सरकारले ल्याएको पाँच वटा अध्यादेश प्रदेशसभाबाट पारित भएको छ ।

प्रदेशसभामा बुधवार बसेको दशौं अधिवेशनको २५ औं बैठकले अध्यादेश पारित गरेको हो । प्रदेश सरकारले यसअघि नै अध्यादेश ल्याएपछि प्रदेशसभाबाट पारित भएको थिएन । प्रदेशसभा बैठकबाट ४ वटा अध्यादेश सर्वसम्मतले पारित भएको छ । एउटा अध्यादेश भने बहुमतले पारित भएको हो । 'मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश', 'प्रदेश युवा परिषद् ऐन,२०७६ लाई संशोधन गर्न बनेको अध्यादेश', 'स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश', 'प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश', 'विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश' पारित गरेको हो ।

बैठकमा मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले बैठकमा 'प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश', 'स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश' पेश गरेका थिए । युवा तथा खेलकुद मन्त्री श्री रत्नप्रसाद ढकालका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री शालिकराम जम्मकट्टेलले 'प्रदेश युवा परिषद् ऐन, २०७६' लाई संशोधन गर्न बनेको अध्यादेश बैठकमा पेश गरेका थिए ।

आन्तरिक मामिला तथा कानून मन्त्री कृष्णप्रसाद शर्मा खनालले, 'विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश' र स्वास्थ्य राज्यमन्त्री कल्पना नेपालीले 'मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश' संसद्मा पेश गरेका थिए ।

बैठकामा प्रदेश मामिला समितिका सभापति माधवप्रसाद पौडेलले, केही प्रदेश ऐन संशोधन गर्न बनेको विधेयको सम्बन्धमा समितिले गरेको निर्णयको प्रतिवेदन पेश गरेका थिए ।

बैठकमा प्रदेशसभाको सभामुख सानुकुमार श्रेष्ठले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको व्यहोरा पढेर सुनाएका थिए । बैठकमा शून्य समयको कार्यक्रममा ७ जना सांसदहरूले आफ्नो धारणा राखेका थिए ।

# नमोबुद्ध टोल विकास संस्थाको चौंथो भेला सम्पन्न

हेटौंडा, २९ असार/ हेटौंडा-१३ स्थित नमोबुद्ध टोल विकास संस्थाको चौंथो भेला सम्पन्न भएको छ । संस्थाको अध्यक्ष सानुकान्छा दोङको सभाध्यक्षता तथा १३ नम्वर वडाका अध्यक्ष पेम्बा लामाको प्रमुख आतिथ्यतामा भेला सम्पन्न भएको हो । कार्यक्रममा तीन लाख ६८ हजार एकसय १४ रुपैयाँ बराबरको वार्षिक आयव्यय संस्थाको सहसचिव सुमित्रामाया वाइबाले प्रस्तुत गरेको थिइन् । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका टोल विकास समन्वय समिती १३ नम्वर वडाको भुगोल ईन्चार्ज राम बहादुर वाइबा, उपाध्यक्ष संगिता वाइबा लगायतको उपस्थिति रहेको थियो ।

# उपत्यकामा मात्रै १२५ जनामा संक्रमण पुष्टि

काठमाडौं, २९ असार (रासस)/ पछिल्ला केही दिनदेखि कोरोना संक्रमितको संख्या बढ्न थालेको छ । बुधबार एकै दिन २०० बढी संक्रमित फेला परेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बुधबार तीन हजार बढी नमूना परीक्षण गर्दा २०६ जनामा संक्रमण पुष्टि भएको छ ।

गत २४ घन्टामा दुई हजार ८२ नमूनाको पिसिआर विधिबाट परीक्षण गर्दा १७७ र एक हजार ९३ नमूनाको एन्टीजेन विधिबाट परीक्षण गर्दा २९ गरी कुल २०६ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिए । यससँगै सक्रिय संक्रमितको संख्या एक हजार ५ पुगेको छ ।

बुधबार उपत्यकामा १२५ जनामा संक्रमण पुष्टि भएको छ । काठमाडौंमा १००, ललितपुरमा १८ र भक्तपुरमा ७ संक्रमित भेटिएका छन् । काठमाडौं उपत्यकामा मात्रै सक्रिय संक्रमितको संख्या ६९४ छ । होम आइसोलेनमा ९८४ र संस्थागत आइसोलेनमा २१ छन् । सोमध्ये १२ जना आइसियू र एक जनाको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ ।

बुधबार ५४ जना कोरोना संक्रमण मुक्त भएका छन् । हालसम्म ११ लाख २१ हजार ५०७ संक्रमण पुष्टि भइसकेको छ । पछिल्लो २४ घन्टामा ६३ हजार ३७८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

अहिले विश्वभर कोरोना भाइरसको 'बिए-५' भेरियन्ट फैलिएको जनाउँदै उनले संक्रमणबाट बच्न जनस्वास्थ्यको मापदण्ड पालना गर्न आग्रह गरे ।

# खैरो हिरोइनसहित तामाङ पक्राउ




काठमाडौं, २९ जेठ (रासस)/ नेपाल प्रहरीले काठमाडौंको गोकर्णेश्वरबाट खैरो हिरोइनसहित एक जनालाई पक्राउ गरेको छ । प्रहरीवृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले गोकर्णेश्वर नगरपालिका-८ अत्तरखेलबाट १४.६६ ग्राम लागुऔषध (खैरो हेरोइन) सहित तेह्रथुम सुङनाम गाउँपालिका-४ घर भएका २६ वर्षीय दीपक तामाङलाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले गोकर्णेश्वर-८ अत्तरखेलमा मासु पसल सञ्चालन गरेर बसेका तामाङलाई मासु पसलबाटै लागुऔषध खैरो हिरोइनसहित पक्राउ गरिएको जानकारी दिए ।

प्रहरीले तामाङसँग १४.६६ ग्राम खैरो हिरोइन, तीन थान मोबाइल, सुनको सिक्री एक थान, चाँदीको ब्रासलेट एक थान, मोटरसाइकल एक थान, घडी एक थान र नगद आठ हजार बरामद गरेको छ ।

पक्राउ तामाङलाई लागूऔषध नियन्त्रण ऐन, २०३३ अन्तर्गत काठमाडौं जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी प्रहरीवृत्त बौद्धबाट अनुसन्धान भइरहेको प्रवक्ता मैनालीले बताए ।

# हेटौंडा एकेडेमीले मनायो भानु जयन्ती र गुरु पुर्णिमा

साझाकुरा संवाददाता



हेटौंडा, २९ असार/ हेटौंडा-११ शहिद स्मारकस्थित हेटौंडा एकेडेमीले २०९ औं भानु जयन्ति तथा गुरु पूर्णिमा विविध कार्यक्रम गरेर मनाएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गत्को कृषि उद्यम केन्द्रका सभापति अरुणराज सुमार्गीको प्रमुख आतिथ्यतामा एकेडेमीले बुधबार भानु जयन्ति तथा गुरु पूर्णिमा विविध कार्यक्रम गरेर मनाएको हो ।

गुरु पूर्णिमा विशेष कार्यक्रममा विद्यार्थीहरूले नृत्य, गायन, अभिनयलगायत विभिन्न विधामा आफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

कक्षा १० कि छात्रा प्राश्ना गौतमको अध्यक्षतामा भएको र कक्षा १० कै छात्र गौरव फुयाँल र छात्रा मानवी रिजालले संचालन गरेको उक्त कार्यक्रममा विद्यार्थीहरुले विभिन्न क्षेत्रमा आफूलाई सघाउने गुरु-गुरुआमाहरूलाई उपहारसहित सम्मान गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि सुमार्गीले विद्यार्थीहरुद्वारा आफ्ना गुरु-गुरुआमाहरूलाई सम्मान गरको देख्दा आफूलाई खुशी लागेको र यो एउटा असल संस्कार भएको भएको बताए । असल संस्कार सिकाउन सफल भएकोमा हेटौंडा एकेडेमीको सम्पूर्ण टिमलाई सुमार्गीले बधाई एवम् धन्यवाद ज्ञापन गरे ।

विद्यालयका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालले संस्कारयुक्त शिक्षाको एउटा सानो पाटोमात्र रहेको र आगामी दिनमा विद्यार्थीहरुकै अग्रसरतामा अन्य थुप्रै कार्यक्रमहरु अझ सभ्य र भव्यरुपमा सम्पन्न हुने विश्वास व्यक्त गरे ।

बुधबार नै हेटौंडा एकेडेमीले २०९ औं भानु जयन्तीको अवसरमा साहित्यिक कार्यक्रमको समेत आयोजना गरेको थियो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमार्गीको अध्यक्षतामा भएको उक्त कार्यक्रम विद्यालयको कक्षा ८ मा अध्यनरत् विद्यार्थीहरु आँचल सुबेदी र साबिक कँडेलले संचालन गरेका थिए ।

प्रवासमा (सिलगुडी, भारत) रहेर पनि नेपाली भाषा साहित्यको उन्नयनमा लागिपरेका साहित्यकार, कलाकार एवम् पूर्व शिक्षक मुक्ति बरालको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा हयग्रीव आचार्य विशिष्ट अतिथिको रुपमा रहेका थिए । प्रमुख अतिथि बरालले हेटौंडा एकेडेमीले आफूलाई सम्झिएकोमा खुशी व्यक्त गर्दै दार्जिलिंग सिलगुडीमा भानुभक्तलाई देउता जस्तै मान्ने कुरा व्यक्त गरे । यस्ता साहित्यिक कार्यक्रमले विद्यार्थीहरुमा साहित्यिक संस्कारको विकास गर्ने हुँदा कार्यक्रमहरू विद्यालयमा निरन्तर आयोजना हुनुपर्ने उनको भनाइ थियो ।

विशिष्ट अतिथि आचार्यले हेटौंडा एकेडेमी शिक्षा क्षेत्रकै उदाहरणीय विद्यालय रहेको भन्दै सधैं सकारात्मक सँस्कार विकास गर्ने कुरामा अग्रणी भूमिका निभाएको बताए । विद्यालय व्यवस्थापन समितिकी सदस्य अंकिता सुमार्गीले कार्यक्रम सफलताको शुभकामना दिदै हाइकुसमेत सुनाएकी थिइन् । कार्यक्रममा विभिन्न कक्षामा अध्यनरत् विद्यार्थीहरुले रचना वाचनसमेत गरेका थिए ।

## एक सय ३३ जनालाई वरिष्ठ अधिवक्ताको उपाधि

काठमाडौं, २९ असार (रासस)/ सर्वोच्च अदालतमा बुधबार बसेको पूर्ण बैठक (फूलकोर्ट) ले १३३ जना अधिवक्ताहरुलाई वरिष्ठ अधिवक्ताको उपाधि दिने निर्णय गरेको छ ।

कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्की र सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरुको बैठकले नेपाल कानून व्यवसायी ऐन, २०५० को दफा २१ बमोजिम वरिष्ठ अधिवक्ताको उपाधि दिने निर्णय गरेको सर्वोच्च अदालतका प्रवक्ता विमल पौडलले जानकारी दिए ।

## जिल्ला स्तरिय अन्तर मा.वि. विद्यार्थी स्तरीय साहित्य कविता प्रतियोगिता हुने बारेको सूचना

**लोककवि गणेशलाल श्रेष्ठ स्मृति साहित्य पुरस्कार** मकवानपुर र नेपाल भाषा खल:को आयोजनामा **लोककवि गणेशलाल श्रेष्ठको १११ औं जन्म जयन्ति**को अवसरमा मकवानपुर जिल्ला स्तरीय अन्तर मा.वि. विद्यार्थी स्तरीय साहित्य कविता गोष्ठी कार्यक्रम प्रतियोगिताको आयोजना गरिएको हुँदा मकवानपुर जिल्लाभरी माध्यामिक विद्यालयका इच्छुक छात्र छात्राहरुलाई सहभागी भई प्रतियोगितामा भाग लिनुहुन हार्दिक अनुरोध गर्दछु ।

- रचना, कविता नेपाल भाषा खल:को कार्यालयमा दिनको २:०० बजे देखि ५:०० बजेसम्म बुझाई दर्ता गर्न सकिने छ ।
- कविता बुझाउने अन्तिम म्याद ने.सं. ११४२ दिल्लागा षष्ठि, २०७९ श्रावण ०३ गते दिनको ३:०० बजे सम्म बुझाई दर्ता गरि सक्नु पर्नेछ अन्यथा म्याद नाघी आएको कविता दर्ता गर्न बाध्य हुने छैन ।
- दर्ता हुन आएको कविता निर्णायक समितिले छनौट गरे पश्चात छनौट भएको कविताका रचनाकारलाई मिति २०७९ श्रावण ५ गते साँझ ५:०० बजेसम्म जानकारी गराई प्रतियोगितामा सामेल गराइनेछ ।
- प्रतियोगितामा प्रथम, द्वितिय, तृतिय र सन्त्वना २ जनालाई नगद पुरस्कार तथा प्रमाणपत्रको व्यवस्था गरिएको छ ।

**कार्यक्रम:-**
तिथि:- ने.सं. ११४२ दिल्लागा दशमी
मिति :- २०७९ श्रावण ०७ गते शनिवार
समय :- दिनको १२:३० बजे
स्थान :- भीमफेदी गाउँपालिकाको सभाहल भीमफेदी

**सम्पर्क :-**
नेपाल भाषा खल: मकवानपुर, हेटौंडा
महेश्वर श्रेष्ठ ९८४५०२७८८३
रितु प्रधान ९८४५०७११४२
शोभा श्रेष्ठ ९८४५१२४०००

**नेपाल भाषा खल: मकवानपुर, हेटौंडा**

## शिक्षक आवश्यकता

*प्रकाशित मिति: २०७९/०३/३०*

उपरोक्त सम्बन्धमा यस विद्यालयमा प्रा.वि तह शिक्षक दरबन्दी संख्या एक रिक्त रहेकोले सो दरबन्दीमा शिक्षक पदपूर्ति गर्न शिक्षा विकास तथा समन्वय ईकाइ मकवानपुरको च.न. १६१२ मिति २०७९/०३/१९ को अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०३/२८ को निर्णयानुसार उक्त पदमा करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएकोले निम्न योग्यता भएका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आवहानको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।


**तपसिल**
(१) विज्ञापन नं.: १ आ.व २०७८/०७९
(२) पद संख्या: १
(३) योग्यता: आई.एड.वा +२ उतीर्ण गरी शिक्षक अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
(४) छनौट प्रक्रिया: लिखित, मौखिक परीक्षा र आवश्यकता अनुसार प्रयोगात्मक समेत ।
(५) परीक्षा दस्तुर: रु. १,००० मात्र ।
(६) निवेदन दिने अन्तिम मिति: २०७९ श्रावण १० गते १ बजे सम्म ।
(७) सम्पर्क मिति: २०७९ श्रावण ११ गते ।
(८) उमेर: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(९) परीक्षा मिति: सम्पर्क मितिको दिन प्रकाशित गरिने छ ।

**निवेदनसंग संलग्न कागजातहरू**
(क) हस्त लिखित निवेदन १ प्रति ।
(ख) योग्यताको प्रमाणित प्रतिलिपी २ प्रति ।
(ग) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी प्रति ।
(घ) शिक्षक अध्यापन अनुमति पत्र प्रमाणित प्रतिलिपी २ प्रति ।
(ङ) परीक्षा दस्तुर तिरेको विद्यालयको नगदी रसिद १ प्रति ।

**नोट**:- करार सूचीमा रहेका उम्मेदवारले ७ दिन भित्र बिद्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

**सम्पर्क:** ९८५५०७१५६३

**श्री बासुकी आधारभूत विद्यालय**
भिमफेदी-९, मकवानपुर




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना